## बैठकका विषयवस्तुहरू ।

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।
२. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
३. विपन्न नागरिक आवास निर्माण सहयोग सम्वन्धमा ।
४. विपद् जोखिम न्युनिकरण नीति तथा रणनीति कर्ययोजना सम्वन्धमा ।
५. वस्ती स्थानान्तरण सम्मवन्धमा ।
६. ५० प्रतिशत लागत सहभागिता सम्वन्धमा ।
७. नगर सरसफाइ केन्द्र सञ्चालन सम्वन्धमा ।
८. गरिवी निवारणका लागि लघु उद्दम विकास कार्यक्रम सञ्चालन
९. भूकम्पीय आवास पूननिर्माण आयोजना वातावरणीय तथा सामाजिक व्यवस्थापन कार्यक्रम
१०. सहकारी नियमावली कार्यान्वयन सम्वन्धमा ।
११. विविध ।
  क) नेपाल क्रिकेट संघ जिल्ला कार्यसमिति स्याङ्जालाइ सहयोग सम्वन्धमा ।
  ख) सडकवोर्डको रकमवाट सञ्चालन हुने योजना सम्वन्धमा ।

**निर्णय न १–**

चालु आर्थिक वर्ष २०७७/७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार सूचिमा सुचीकृत भएका व्यक्तिहरुको वडा अनुसारको प्राथमिकता अनुसारको सूची प्रकाशन गर्ने र सो कार्यक्रम सञ्चालन कार्यविधि अनुसार सो कार्यक्रम अन्तर्गत प्राप्त हुने रकमवाट निर्देशक समितिवाट पेश भए बमोजिमका योजनाहरु सञ्चालन गर्ने साथै कार्यक्रमको बजेटवाट श्रमिकको ज्याला मात्र भुक्तानी गर्न मिल्ने व्यवस्था भएको तर उक्त दैनिक ज्याला नगर दररेट भन्दा कम हुने भएकोले स्थानीय निर्देशक समितिवाट पेश भए बमोजिमका योजनाहरुमा ज्याला भुक्तानी गर्दा नगरपालिकाको स्थानीय दर अनुसार भुक्तानी गर्ने । प्रधानमन्त्री रोजगार कार्यक्रमवाट ज्याला भुक्तानी गर्दा नपुग हुने रकम नगरपालिकाको सम्वन्धित योजनाको लागि विनियोजीत रकमवाट भुक्तानी गरी साझेदारीमा योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय न -२**

कोभिड १९ का कारण वन्द रहेका यस नगरपालिका अन्तर्गतका विद्यालयहरु सञ्चालन गर्ने सम्वन्धमा सामुदायिक तथा संस्थागत विद्यालयहरुका संस्थापक तथा प्रधानाध्यापकहरु संगको छलफल सहमती र शिक्षा सिमितिवाट भएको, विद्यालय सञ्चालन कार्यढाँचा २०७७ बमोजिम विद्धार्थी संख्या र स्थानीय वातावरण अनुरुप विद्यालय सिफ्टमा, जोर, विजोर वा पुरै कक्षा सञ्चालन गर्ने र आकस्मिक रुपमा विद्यालय वन्द गर्नु पर्ने भएमा विद्यलय व्यवस्थापन समितिले निर्णय गरी विद्यालय सञ्चालन तथा वन्दको जानकारी नगरपालिकालाइ दिने व्यहोराको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । साथै मिति २०७७/०८/२९ गतेको शिक्षा समितिका निर्णयहरु पनि अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न -३**

चालु आर्थिक वर्ष २०७७/७८ का लागि नगर सभावाट पारित विपन्न नागरिक आवास निर्माण सहयोग कार्यक्रम सञ्चालन गर्न सवै वडावाट वडामा रहेका विपन्न नागरिक छनौटगरी २०७७ साल पौष ५ गते भित्र नगर कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

पुरूषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७२

(समा कुमारी क्षेत्री)
प्रमुख

**निर्णय न -४**

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा विपद् जोखिम न्यूनिकरण नीति तथा रणनीति कार्ययोजना २०७७ तयार भएकोले उक्त कार्ययोजना पारित गर्ने निर्णय गरियो ।

**निर्णय न -५**

विपद्का कारण वस्ती नै जोखीममा परी स्थानान्तरण गर्नु पर्ने अवस्थाका वस्ती भएमा त्यस्ता वस्तीहरुको पहिचान गरी सवै वडावाट २०७७ साल पौष ५ गते भित्र नगर कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय न -६**

चालु आर्थिक वर्ष २०७७/७८ को लागि नगरसभावाट ५० प्रतिशत लागत सहभागितामा काम गर्ने गरी लागत अनुमान सहित प्राप्त निवेदनका आधारमा निम्न योजनाहरु स्वीकृत गरी लागत अनुमानको ५० प्रतिशत रकम व्यहोर्ने गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

| सि. न. | योजनाको नाम | ठेगाना | लागत अनुमान | नगरपालिकावाट व्यहोरिने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पराजुलीथर हुँदै पोखरी जाने गोरेटोवाटो | पु.व.न.पा वडा नं २ | २०००००। | १०००००। | |
| २ | लत्रेपिपल शिव मन्दिर निर्माण | पु.व.न.पा वडा नं ३ | १६४९११। | ८२४५५। | |
| ३ | काभ्राचौर देखी गौतम टोल सम्म गोरेटो वाटो | पु.व.न.पा वडा नं १४ | ११२०००। | ५६०००। | |
| ४ | श्रवण मा वि वाटो ढलान | पु.व.न.पा वडा नं १४ | ४१८०००। | २०९०००। | |
| ५ | कान्छीबजार चिसापानी सिरलुङ्ग सिद्दबाबा ग्रा स | पु.व.न.पा वडा नं १० | ५३६८९४। | २६८०००। | चालु आ व मा विनियोजित बजेटबाहेक थप |
| ६ | पँधेरा देखी ज्यामिरे गाँउ हुदै जलकन्या देवी मन्दीर जाने गोरेटो वाटो | पु.व. न. पा. वडा न २ | ५७४६८२। | २८७०००। | |
| ७ | हुनीकोट गाँउ देखी गुफा जाने गोरेटो (पैदल मार्ग) पर्यटन स्थल जाने | पु.व. न. पा. वडा न २ | १२२९६८। | ६१०००। | |
| ८ | ठूलाडिही बहुउदेश्यीय खेलकुद मैदान | पु.व. न. पा. वडा न ७ | ३०००००। | १५००००। | |

**निर्णय न -७**

नगरपालिका भित्रको फोहरमैला व्यवस्थापनको लागि नगरपालिकावाट निर्माण गरिएको नगर सरसफाइ केन्द्र मिति २०७७ साल पौष १ गते देखी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय न -८**

चालु आर्थिक वर्षका लागि सशर्त अनुदान तर्फ प्राप्त गरिवी निवारणका लागि लघुउध्दम विकास कार्यक्रम सञ्चालनका लागि नगरपालिकाका वडा नं १ ३ १० ११ १३ र १४ छनौट गर्ने साविकमा यही कार्यक्रम संचालन भएका वडा नं २ र ४ का उद्दमीहरुलाइ स्तरोन्नती गर्ने निर्णय गरियो ।

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

(सृजना कुमारी क्षेत्री)
प्रमुख

**निर्णय न -९**

भूम्पीय आवास पुन निर्माण आयोजना वातावरणीय तथा समाजिक व्यवस्थापन तर्फ निम्न योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयनका लागि जिल्ला आयोजना कार्यान्वयन इकाइमा पठाउने निर्णय गरियो ।

| क्र स | योजना तथा कार्यक्रम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सुधारीएको चुल्हो | पु. व. न. पा. वडा न ६ | |
| २ | तातोखोला खानेपानी मुल संरक्षरण र पहिरो नियन्त्रण | पु. व. न. पा. वडा न १ र २ | |
| ३ | वेतानीखोला खानेपानी संरक्षण | पु. व. न. पा. वडा न १२ | |
| ४ | तल्लोस्वाँरी पहिरो नियन्त्रण | पु. व. न. पा. वडा न १३ | |

**निर्णय न -१०**

पुतलीबजार नगरपालिकावाट स्थानीय सहकारी ऐन २०७४ जारी भइसकेको तर स्थानीय सहकारी नियमावली जारी भइ नसकेको वर्तमान अवस्थामा नगरपालिकाको नयाँ सहकारी नियमावली जारी नहुँदासम्म नियमानुसार सहकारी सम्वन्धी गर्नुपर्ने सम्पुर्ण कार्यहरु संघीय सहकारी नियमावली २०७५ मा भएको व्यवस्था बमोजिम नै हुने गरी पुतलीबजार नगरपालिका सहकारी ऐन २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रहेर मात्र गर्ने निर्णय गरियो ।

**निर्णय न - ११ विविध**

चालु आर्थिक वर्षमा कार्यक्रम सञ्चालनकालागि प्रस्ताव पेश भएका निम्न योजना तथा कार्यक्रममा निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र स | योजना तथा कार्यक्रम | प्रस्तावित रकम | नगरपालिकाले उपलव्ध गराउने रकम | कैफीयत |
|---|---|---|---|---|
| १ | स्याङ्जा जिल्ला क्रिकेट संघ महिला तथा पुरुष वन्द प्रशिक्षण क्याम्प खर्च | ३६३०००। | ५००००। | पोशाक लगायतको खर्च |

**निर्णय न - १२**

सडकवोर्ड नेपालको च.न.४५२ मिति २०७७/०८/१४ को पत्रवाट चालु आर्थिक वर्ष २०७७/७८ को लागि स्थानीय सडक मर्मत योजना सञ्चालनका लागि बजेट स्वीकृत भइ अख्तियारी प्राप्त भइआएकोले उक्त कार्यक्रम तर्फ निम्नानुसारका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र स | योजना तथा कार्यक्रम | ठेगाना | कैफीयत |
|---|---|---|---|
| १ | पुतलीखेत आरुचौर सडक (पक्की पुलपारी देखी वैदीको ढलान सम्म) | पु.ब.न.पा १४ | |
| २ | पुतलीखेत हस्पीटल गोदगोदे सडक | पु.ब.न.पा ३ | |
| ३ | सामाग्रीचोक हमालडाँडा सडक | पु.ब.न.पा ३ | |

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

(समा कुमारी क्षेत्री)
प्रमुख